
**हङकङमा जाति भेदभाव**

## संक्षिप्त विवरण

हङकङ बहु-सांस्कृतिक सहरको रूपमा चिनिन्छ तथा यो मुख्यतयाः यस क्षेत्रका विदेशीहरूको वासस्थानकोरूपमा रहेको छ। अंग्रेज उपनिवेस कालदेखि भारतीय टुकडीहरू र नेपाली गोर्खा ब्रिग्रेड, र व्यापारका लागि आएका भारतीय तथा अन्य व्यापारीहरू लगायत यहाँ वस्ने धैरैजसो जातीय अल्पसंख्यक (EM) वासिन्दाहरू हंगकंगमा पुस्तौं देखि वसिरहेका छन्। हंगकंगलाई आफ्नो घर वनाउने कोशिशको बावजुद केहि EM वासिन्दाहरू भाषा अवरोध र पूर्वाग्रहको कारणले सीमान्तीकृत भएका छन्। यसले उनीहरूको शिक्षा तथा रोजगारका अवसरहरूलाई साँघुरो पारेको छ, जसले गर्दा अन्तरपुस्ता गरिवीको दुश्चक्रलाई निरन्तरता दिइरहेको साथै उनीहरूको सामाजिक गतिशीलतालाई उकास्नको साथै समाजमा पूर्ण एकिकरण हुनवाट वन्चित गरिरहेको छ।


## जनसांख्यिकीय

- सन् 2016 को अन्त्यमा, हङकङको जनसंख्याको 92% चिनियाँ वासिन्दा थिए। 8% गैर-चिनियाँ वासिन्दामा कोकेशियन (गोरो छाला भएका), फिलिपिनो, भारतीय, इन्डोनेसियाली, जापानी, कोरियन, नेपाली, पाकिस्तानी, थाई र अन्य थिए।
- सन् 2006 देखि 2016 सम्ममा गैर-चिनियाँ जनसंख्याको वृद्धि दर (70.8%) आम जनसंख्याको वृद्धि दर (6.9%) लाई एकदमै पछि पार्दै उनीहरूको जनसंख्या 342,198 बाट बढेर 584,383 पुगेको थियो। यो प्रवृत्ति (ट्रेन्ड) मुख्यतया विदेशी घरेलू कामदारहरू (FDW) को वृद्धिसँग गाँसिएको छ। विदेशी घरेलू कामदारहरूको संख्यालाई घटाउँदा, EM को संख्या 263,593 हुन्छ।
- EM को मध्यस्थ उमेर 36.3 थियो, जुन समग्र जनसंख्या (43.4) भन्दा कम हो।




## शिक्षा

- जातीय अल्पसंख्यकको विद्यालय उपस्थिति दर अझ विशेषगरी 18 देखि 24 वर्ष उमेरका (माध्यमिक विद्यालय प्रश्चात) ) को हकमा तुलनात्मक रूपमा थोरै थियो। FDW लाई समावेश नगर्दा, यो उमेर समूहको विद्यालय उपस्थिति दर 43.3% मा पुगेको थियो।
- चिनियाँ भाषा धेरै जातीय अल्पसङ्ख्यकको दोश्रो (अझै कसैकसैको त तेश्रो वा चौथो) भाषा हो। 5 वर्ष वा सोभन्दा बढी उमेरका जातीय अल्पसङ्ख्यकहरूको घरमा बोलिने भाषा प्रायः अंग्रेजी थियो, करिव 45.6% ले उक्त कुरा बताएका थिए। जबकी लगभग आधा जति (48.6%) जातीय अल्पसंख्यकले आफूहरू क्यानटोनिज भाषा बोल्न सक्ने दाबी गरेको भएतापनि, ती मध्ये धैरैजसो FDW थिए जसले आफ्ना रोजगारदाताहरूसँग कुराकानी गर्दा क्यानटोनिज भाषा प्रयोग गरेका थिए।




- सन् 2014/15 मा सरकारले चिनियाँ भाषा पाठ्यक्रम दोस्रो भाषाको लागि सिकाइ ढाँचा (Chinese Language Curriculum Second Language Learning Framework) र व्यावहारिक चिनियाँ (Applied Learning) कोर्स प्रारम्भ गरेको भएतापनि, धैरै सरोकारवालाहरूले चिनियाँ भाषा पाठ्यक्रम दोस्रो भाषाको रूपमा सिकाइको पाठ्यक्रम विकसित गर्न अझै पनि आवश्यक छ भन्ने ठान्दछन्। साथै सन् 2013/14 मा गैर-चिनियाँ भाषी विद्यार्थीहरूको लागि भनिएको कथाकथित "निर्दिष्ट विद्यालयहरू" खारेज गरिएको भए पनि, करिव 40% अल्पसंख्यक जातिका विद्यार्थीहरू वा गैर-चिनियाँ भाषी विद्यार्थीहरू (NCS) ले 70% भन्दा वढी NCS विद्यार्थी अध्ययन गरेका विद्यालयहरूमा पढे, जसको अर्थ उनीहरूले मूलधारको समुदायमा एकीकरण हुनका लागि अवरोधहरूको निरन्तररूपमा सामना गरिरहेका छन् भन्ने हो।

## रोजगार

- जातीय अल्पसंख्यकको श्रम बजार (बल) मा सहभागिता (85.9%) आम जनसंख्या (60.8%) भन्दा उच्च छ, जुन मुख्यतयाः FDW को कारणले गर्दा हो। यिनीहरूलाई समावेश नगर्दा, जातीय अल्पसंख्यकको श्रम बजार (बल) मा सहभागिता 64.5% हुन आयो। पुरूष जातीय अल्पसंख्यकको सहभागिता दर 78.1% छ, जुन समग्र पुरुष जनसंख्याको दर (68.4%) भन्दा बढी हो । यसको विपरित, महिला जातीय अल्पसंख्यकको सहभागिता दर (50.6%) समग्र महिला जनसंख्याको (54.5%) भन्दा कम छ। केही जातीय समूहहरूको हकमा उक्त दर अझ कम छ, जस्तै पाकिस्तानी महिलाहरूको दर (18.5%)।
- अधिकांश (74.7%) काम गर्ने जातीय अल्पसंख्यक "साधारण पेशा" मा संलग्न थिए, जसको अनुपात कूल कामगर्ने जनसंख्याको (20.9%) भन्दा उल्लेख्य रूपमा धेरै थियो। मूख्यरूपमा यस्तो हुनुमा यी मध्ये धेरै जसो FDW भएको यथार्थता हो। साथै, विभिन्न जातीय समूहहरूका बीचमा पेशाहरूको भिन्नतामा विविधता थियो। उदाहरणको लागि, 37.4% नेपाली र 37.9% पाकिस्तानी पुरुषहरू साधारण पेशाहरूमा काम गरेका थिए जबकी भारतीय र गोरा पुरुषको अनुपात क्रमश: 6.7% र 1.7% थियो।
- सन् 2016 मा जातीय अल्पसंख्यकको मध्यस्थ मासिक आम्दानी समग्र जनसंख्याको हङकङ $15,000 को तुलनामा हङकङ $4,250 देखियो। FDW लाई समावेश नगर्दा, जातीय अल्पसंख्यकको मासिक आम्दानी $20,000 मा बढेको थियो। विभिन्न जातीय समूहहरूमा यो तथ्याङ्क उल्लेखनीय रूपमा भिन्न देखियो, जुन गोरा पुरुषको हकमा हङकङ $58,000 र पाकिस्तानी पुरुषको हकमा हङकङ $12,800 थियो।

## वस्तु (सर-सामान), सुविधा र सेवाहरूमा पहुँच

- जातीय अल्पसङ्ख्यकले वस्तु र सेवाहरू प्राप्त गर्दा भेदभावको सामना गर्नु सामान्य हो। सन् 2018 मा, EOC ले जाति भेदभाव अध्यादेश (RDO) अन्तर्गत 132 वटा उजुरीहरूको हेरेको थियो। यी मध्ये अधिकांश गैर-रोजगारसँग सम्वन्धित थिए र मूख्यगरी वस्तु, सुविधा र सेवाहरूको प्रावधानसँग सम्बन्धित थिए। सम्पन्न गरिएका अध्ययनहरू र EOC द्वारा संकलन गरिएको प्रतिक्रियाका आधारमा, जातीय अल्पसंख्यकले उठाएका केहि साझा सरोकारका विषयहरू निम्न छन्:

परिसरहरूको बिक्रि र व्यवस्थापन — केहि घरधनी (सम्पत्तिका मालिक)हरूले आफ्ना अपार्टमेन्टहरू जातीय अल्पसंख्यकलाई भाडामा दिन अस्वीकार गरेको।

वित्तीय सेवाहरू — केहि जातीय अल्पसङ्ख्यकलाई बैंक खाता खोल्न अस्वीकार गरिएको।

चिकित्सा तथा स्वास्थ्य स्याहार — भाषा अवरोध र अप्रर्याप्त दोभाषे सेवाहरूको कारणले गर्दा जातीय अल्पसंख्कले समयमै उपचार प्राप्त गर्न असक्षम भएको।

## भेदभावबाट कानूनी संरक्षण

**सन् 1997** हङकङमा सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तराष्ट्रिय महासन्धि कार्यान्वयनमा निरन्तरता

**सन् 2008** जाति भेदभाव अध्यादेश अधिनियमन गरिएको

**सन् 2009** जाति भेदभाव अध्यादेश पूर्णरूपमा कार्यान्वयनमा आएको

**सन् 2014** EOC ले EM यूनिट खडा गरेको

**सन् 2016** EOC ले अझ बलियो कानूनी संरक्षणका लागि RDO संशोधन गर्न सिफारिश गरेको

RDO अन्तर्गत, जातिको आधारमा हुने भेदभाव, दूर्व्यवहार र गालीगलौज (मानहानि)लाई गैर-कानूनी मानिन्छ। जाति भन्नाले व्यक्तिको जाति, रङ, वंशज, राष्ट्रिय वा जातीय मूल भन्ने हुन्छ। EOC ले भेदभाव सम्बन्धी कानूनको समीक्षामा सरकारलाई निम्न सिफारिस गरेको थियो: (1) सरकारी कार्य वा शक्तिहरूको कार्यान्वयनमा जाति भेदभावलाई प्रतिबन्ध गर्ने, (2) सम्वन्धको आधारमा हुने जातीय भेदभाव र दूर्व्यवहारलाई प्रतिबन्ध गर्ने र (3) व्यावसायिक तालिम र शिक्षामा पठनपाठनको माध्यमसँग सम्बन्धित अपवाद (छुट)लाई खारेज गर्ने।

भेदभाव कानूनको समीक्षाको जानकारीका लागिः http://www.eoc.org.hk/eoc/graphicsfolder/inforcenter/dlr/default.aspx

*स्रोत: 2016 Population By-Census, Thematic Report on Ethnic Minorities*

प्रतिलिपि अधिकार © **Equal Opportunities Commission**, जुन 2019

ठेगानाः 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong
टेलिफोन: 2511 8211 फ्याक्स्: 2511 8142 इ-मेल: eoc@eoc.org.hk वेबसाइट: www.eoc.org.hk